# तपाईंको मिडल स्कुलरलाई सफलतातर्फ डोर्‍याउँदे

मलाई तिमीमाथि विश्वास छ ।

## तपाईंको मिडल स्कुलरको बढ्दो स्वतन्त्रतालाई सहयोग गर्नुहोस् ।

- तपाईंको मिडल स्कुलरलाई पारिवारक निर्णयमा कुरा राख्न दिनुहोस् ।
- मिडल स्कुलरहरूका आफ्नै धारणाहरू हुन्छन् ! उनीहरूको कुरा सुन्न खुला रहनुहोस् ।
- मिडल स्कुलरहरूलाई नियमहरूको आवश्यकता पर्छ तर उनीहरूसँग तिनलाई निर्धारण गर्ने पर्याप्त अनुभव पनि हुन्छ ।

तिमि यसमा लागिरह्यौ र तिम्रो सुधार देखिएको छ ।

## विकसित मानसिकतालाई प्रोत्साहित गर्नुहोस् ।

- के तपाईंको मिडल स्कुलरले स्कुलले दिएको असाइन्टमेन्टमा धेरै मेहनत गरेका/गरेकी छन् ? नतिजाहरूलाई भन्दा प्रयासलाई महत्व दिनुहोस् ।
- गल्तीहरूलाई सिक्ने अवसरको रूपमा लिनुहोस् । यदि सबै कुरा सजिलो छ भने त्यहाँ विकास नै हुँदैन ।
- तपाईंको मिडल स्कुलरलाई आफै समस्याहरू हल गर्न प्रोत्साहित गर्नुहोस् ।

यसलाई कसरी गर्ने भनेर योजना बनाऔं ।

## तपाईंको मिडल स्कुलरलाई कसरी अब्बल विद्यार्थी बन्ने भनेर सिकाउनुहोस् ।

- शिक्षा वास्तविक संसार हो । स्कुलका कार्यलाई ताजा घटनाक्रम तथा भावी लक्ष्यहरूसँग जोड्नुहोस् ।
- कार्यहरूलाई टुक्राउने र समयको व्यवस्थापन गर्ने जस्ता सिकाइ/अध्ययन रणनीतिहरूबारे कुरा गर्नुहोस् ।
- ब्याकप्याक ब्ल्याक होलबारे के त ? कुनै कार्य गर्न छुटेको छ कि भनेर आफ्ना मिडल स्कुलरसँग बुझ्नुहोस् ।
- सबैलाई कहिलेकाहीँ सहयोग चाहिन्छ । आफ्ना मिडल स्कुलरलाई कुरा राख्नु ठीक हो भनेर बताउनुहोस् ।

म तिम्रो टिममा छु ।

## गृहकार्य गर्ने समयमा सकारात्मक रहनुहोस् ।

- कसैलाई पनि स्कुलमा दिनभरि पढेर आउँदा गृहकार्य गर्न कठिन हुन सक्छ । मुडलाई रमाइलो र मायालु बनाइ राख्नुहोस् ।
- तपाईं ख्याल गर्नुहुन्छ भन्ने देखाउनुहोस् । समस्याको मूल कारणबारे सुन्नुहोस् र उनीहरूलाई सोको समाधानमा केन्द्रित हुन मद्दत गर्नुहोस् ।
- नैराश्यता स्तर 10 पुग्दासम्म नकुर्नुहोस् ! कठिन समयमा कसरी संयमित हुने भन्नेबारे कुरा गर्नुहोस् ।

तिम्रो दिनको सबैभन्दा रमाइलो क्षण कुन थियो ?

## धेरै दखल नदिइकन सचेत रहनुहोस् ।

- गतिविधिहरू र खाली समयको बारेमा जानकारी माग्नुहोस् ।
- तपाईंको मिडल स्कुलरले तपाईंमाथि विश्वास गर्न सक्छन् भन्ने देखाउनुहोस् । यसरी उसले तपाईंलाई हरेक कुराबारे जानकारी गराइराख्ने सम्भावना बढ्छ ।
- नराम्रो समाचार ? तपाईंका मिडल स्कुलरले तपाईंसँग खुलेर कुरा गर्दा नकारात्मक प्रतिक्रिया नदिने प्रयास गर्नुहोस् ।

तिम्रो फोन चलाउने यथोचित समय कति हो ?

## सँगै मिलेर योजना बनाउनुहोस् ।

- नियमहरू... मिडल स्कुलरहरूलाई अझै यिनको आवश्यकता पर्छ । उत्कृष्ट नियमहरू बुझ्न सजिला र अनुकूल हुन्छन् ।
- नियमहरू कहिलेकाहीँ तोडिन सक्छन् । अर्थपूर्ण परिणामहरू हासिल गर्न सँगै काम गर्नुहोस् ।
- मुख्य कुरो के हो ? तपाईंको मिडल स्कुलरलाई नियमहरू किन आवश्यक छन् भनेर बताउनुहोस् ?

तिमीलाई मेरो सहयोग चाहिएको बेला म सधैं तिमीलाई सहयोग गर्ने छु ।

## भावनात्मक सहयोग उपलब्ध गराउनुहोस् ?

- गाह्रो परेको बेला सुरक्षा तथा आराम प्रदान गर्न उपलब्ध रहनुहोस् ।
- चियरलिडर हुनुहोस् । तपाईंको मिडल स्कुलरलाई उनीहरू कति महान् छन्/छिन् भनेर बताउनुहोस् ।
- अलिअलि दखल दिनु ठिकै हो । (मिडल स्कुलरहरू भित्रभित्रै यस्तो कुरा मन पराउँछन् ।)
- तपाईंको मिडल स्कुलर चाँडो बढ्दैछन्/छिन् ! उसमा सबै परिवर्तनहरूप्रति ध्यान दिनुहोस् र सोको उत्सव मनाउनुहोस् ।

ohiofamiliesengage.osu.edu मा गएर यसबारे थप जान्नुहोस्

Ohio Statewide Family Engagement Center at The Ohio State University